# के हो निपाह भाइरस?

निपाह भाइरस पशुबाट मानिसमा सर्ने एक गम्भीर प्रकृतिको रोग लाग्ने भाइरसको संक्रमण हो । यस भाइरस प्राकृतिक रुपमा फ्रुट ब्याट भन्ने प्रजातिको चमेरोमा पाइन्छ।

## निपाह भाइरस कसरी सर्दछ ?

निपाह भाइरस जनावरबाट जनावर, जनावरबाट मानिस र मानिसबाट मानिसमा पनि सर्दछ।



संक्रमित चमेरोबाट सुँगुर, गाई, गोरु जस्ता जनावर हुँदै मानिसमा



संक्रमित पशुको संसर्गमा आएको फलफूल प्रयोग गरेमा



संक्रमित व्यक्तिको रगत, दिसा, पिसाबसँग प्रत्यक्ष सम्पर्कमा आएमा

## निपाह भाइरसका लक्षणहरु






## निपाह भाइरसको रोकथाम कसरी गर्ने ?

- फलफूल राम्रोसँग पखालेर मात्रै खाने
- तरकारी सकेसम्म पकाएर खाने
- गाईवस्तुको गोठ र फार्म सफा राख्ने
- मासु काट्दा र पकाउँदा पन्जा र मास्कको प्रयोग गर्ने
- सकेसम्म पानी उमालेर मात्रै पिउने
- बेलाबेलामा साबुनपानीले हात धुने
- भिडभाडमा जाँदा मास्क लगाउने

कोशी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**स्वास्थ्य कार्यालय, इलाम**